# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २ | काठमाडौं | सोमबार, १२ वैशाख २०७९ | Prabhab National Daily, Monday, April 25, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरू फैनिल सक्दछन् ।

- संक्रामक रोग फैलिन झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं ।
- बासी तथा सडेगलेका खाना नखाऔं ।
- सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## स्थानीय तह निर्वाचन

# मनोनयनको पहिलो दिन उत्साहविहीन

**मनोनयन दर्ता भएको कूल संख्या**

| | |
|---|---|
| पालिका प्रमुख/अध्यक्ष | - ९८७ |
| उपप्रमुख/उपाध्यक्ष | - ५०८ |
| वडाध्यक्ष | - २,९२१ |
| वडा सदस्य | - ३,३३८ |
| महिला सदस्य | - १,५७६ |
| दलित महिला सदस्य | - १,२०३ |
| कूल | - १०,५३३ |

**६ महानगरको प्रमुखमा मनोनयन**

| | |
|---|---|
| काठमाडौं | - १६ जना |
| ललितपुर | - ८ जना |
| पोखरा | - १० जना |
| भरतपुर | - ११ जना |
| विराटनगर | - ३ जना |
| वीरगञ्ज | - १२ जना |



मुख्य निर्वाचन अधिकृतको कार्यालय तनहुँमा आइतबार उम्मेदवारी दर्ता गराउनेको भीड । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनको मनोनयन दर्ताका लागि निर्वाचन आयोगले आइतबार र सोमबारको समय निर्धारण गरेको छ । तर, उम्मेदवारी मनोनयनको पहिलो दिन आइतबार उत्साहजनक देखिएन । दलहरूभित्रको आन्तरिक किचलो र गठबन्धनको सकसले आइतबार केही स्थनीय तहमा मात्रै उम्मेदवारी दर्ता भयो । नगन्य मात्रामा भएको मनोनयन दर्ताले दलहरूभित्रको अलमल प्रस्ट पारेको छ ।

तल्लो तहसम्मै पुगेको सत्ता गठबन्धनभित्रको किचलो अझै सल्टिन सकेको छैन । तुलनात्मक रूपमा धेरै क्षेत्रको उम्मेदवार टुंग्याएको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि संकटविहीन छैन । टिकटका आकांक्षी धेरै हुँदा एमालेलाई पनि निर्णय गर्न सकस परिरहेको छ । प्रमुख दलहरू सोमबार बिहानसम्म निर्णय गरिसक्ने र त्यसपछि आयोगले तोकेको समयभित्र मनोनयन दर्ता गराउने तयारीमा छन् ।

पहिलो दिन देशभर स्वतन्त्र उम्मेदवार र साना दललेमात्रै उम्मेदवारी दर्ता गराएका छन् । पाँच दलीय सत्ता गठबन्धनमा रहेका दल र प्रमुख प्रतिपक्षी दल एमालेले भने आइतबार पहिलो दिन मनोनयन नै दर्ता गराएनन् ।

निर्वाचन आयोगका अनुसार आइतबार कूल १० हजार ५३३ जनाको उम्मेदवारी दर्ता भएको प्रारम्भिक विवरण इन्ट्री भएको छ । सम्बन्धित निर्वाचन कार्यालयमा दर्ता भएका मनोनयनलाई प्राविधिकले इन्ट्री गर्ने र मुख्य निर्वाचन अधिकृतले प्रमाणीकरण गर्ने कार्य जारी रहेकाले यकीन तथ्यांक प्राप्त भइनसकेको आयोगले जनाएको छ ।

आइतबार साँझसम्म प्राप्त विवरणअनुसार पालिका प्रमुख र अध्यक्ष पदमा कूल ९८७, उपप्रमुख र उपाध्यक्षमा ५०८, वडाध्यक्षमा दुई हजार ९२१ को उम्मेदवारी दर्ता भएको छ । वडा सदस्यमा तीन हजार ३३८, महिला सदस्यमा एक हजार ५७६, दलित महिला सदस्यमा एक हजार २०३ जनाको उम्मेदवारी दर्ता भएको छ ।

आयोगले गत चैत ४ मा स्वीकृत गरेको निर्वाचन कार्यक्रमअनुसार आइतबार र सोमबार (वैशाख ११ र १२) दुवै दिन बिहान १० देखि साँझ ५ बजेसम्मका लागि मनोनयनपत्र दर्ता गर्ने समय निर्धारण गरिएको छ । सोमबार मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, मंगलबार (वैशाख १३ गते) उम्मेदवारको विरोधमा उजुरी दिने तय गरिएको छ ।

वैशाख १४ र १५ गते मनोनयनपत्र जाँच गर्ने तथा उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, वैशाख १५ गते मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, वैशाख १६ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा वैशाख १७ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ ।

तर, अहिलेसम्म पनि पाँच दलीय सत्ता गठबन्धनमा रहेका दलले उम्मेदवारको टुंगो लगाउन सकेका छैनन् । एमालेले भने छ वटा महानगर र ११ उपमहानगरअन्तर्गत अधिकांश स्थानमा उम्मेदवारको टुंगो लगाइसकेको छ ।

देशका ७५३ स्थानीय तहमध्ये अधिकांश नगरपालिका र गाउँपालिकामा एमालेले उम्मेदवारको टुंगो लगाइसकेको छ । पोखरा महानगरपालिकाबाहेक अन्यत्र उम्मेदवार टुंग्याउन सकेका छैनन् । नेकपा एकीकृत समाजवादीको भागमा परेको पोखरा महानगरपालिकामा मेयरमा गठबन्धनबाट साझा उम्मेदवारका रूपमा एकीकृत समाजवादीका जिल्ला अध्यक्षसमेत रहेका धनराज आचार्य सिफारिस भइसकेका छन् । तर, बाँकी पालिकाबारे टुंगो नलागेकै कारण आइतबार उनीहरूले उम्मेदवारी दर्ता गराएनन् । महानगरमा समाजवादीले पाएको उपमेयरमा पनि टुंगो लगाइसकेको छ भने उपमहानगरमा पनि निर्णय गरिसकेको छ ।

नेकपा माओवादी केन्द्रले आफ्नो भागमा परेको भरतपुर महानगरपालिकामा पनि उम्मेदवारको टुंगो लगाउन सकेको छैन । तर, त्यहाँ वर्तमान मेयर रेणु दाहाललाई नै माओवादी केन्द्रले उम्मेदवार बनाउने आन्तरिक निर्णय गरिसकेको नेताहरू बताउँछन् ।

सत्ता गठबन्धनभित्र भागबण्डा गर्दा वीरगञ्ज महानगरपालिका जसपाको भागमा परेको छ । त्यहाँ जसपाले पनि मेयरको टुंगो लगाइसकेको छैन । गठबन्धनमा केन्द्रमा सहमति भए पनि प्रमुख र उपप्रमुखबाहेकका वडा र सदस्यमा सिट बाँडफाँड कसरी गर्ने भन्ने सहमति जुट्न नसक्दा जिल्ला-जिल्लामा समस्या देखिएको छ ।

कतिसम्म भने ललितपुरमा कांग्रेस-माओवादीले मात्र गठबन्धन गरेर एकीकृत समाजवादीलाई 'बाइपास' गरिएको छ । एकीकृत समाजवादीले सबै पालिका प्रमुख र उपप्रमुखसहित सबै वडामा उम्मेदवारी दिने तयारी गरेको छ ।

सत्ताको नेतृत्व गरेको दल नेपाली कांग्रेसले पनि अहिलेसम्म महानगरपालिका र उपमहानगरपालिकामा उम्मेदवारको टुंगो लगाउन सकेको छैन । जिल्ला तहमा पनि ठोस निर्णय हुन सकेको छैन । तालमेलकै अलमलमा कांग्रेस रणभूल्ल भएको देखिन्छ ।

कांग्रेसको भागमा परेका तीनवटा महानगरपालिकाको उम्मेदवार टुंगो लगाउने जिम्मेवारी केन्द्रीय संसदीय समितिले प्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति शेरबहादुर देउवालाई दिएको छ । आइतबार सानेपामा बसेको बैठकले देउवालाई जिम्मेवारी दिने निर्णय गरे पनि त्यसमा संस्थापनइतर पक्षले भने असन्तुष्टि जनाएको छ । कांग्रेसभित्र केन्द्रमा मात्रै होइन जिल्ला तहमा गठबन्धन गर्ने निर्णयको चर्को विरोध भएको छ । आइतबार कास्कीमा असन्तुष्ट कार्यकर्ताले जिल्ला तहका नेताहरूलाई पार्टी कार्यालयभित्र नै थुनेर तालाबन्दी गरेका थिए । (बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'समस्यामा परेका श्रमिकका उद्धार प्राथमिकतामा'



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले विदेशमा अलपत्र वा समस्यामा परेका नेपालीलाई संरक्षण गरी स्वदेश फर्काउने विषयलाई आफूले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन् । मलेसियाबाट उद्धार गरी नेपाल ल्याइएको श्रमिकसँगको भेटमा आइतबार उनले उक्त कुरा बताएका हुन् ।

मन्त्री श्रेष्ठले उद्धार गरेर ल्याइएका श्रमिकहरू राखिएको आवासगृहमै पुगेर उनीहरूले भोगेका समस्याहरूबारे जानकारी लिएका थिए । उद्धार गरिएका श्रमिकहरूलाई बसुन्धारास्थित प्रवासी नेपाली समन्वय समितिको आवासगृहमा राखिएको छ । उनीहरूले विदेशी भूमिमा भोगेका समस्याको कारण र समाधानका उपायबारे मन्त्री श्रेष्ठसँग छलफल गरेको उनको सचिवालयले जानकारी दिएको छ ।

नेपाली श्रमिकहरूको न्यायमा पहुँच तथा क्षतिपूर्ति सुनिश्चित गर्न रोजगारदाता, सरकारी निकाय, श्रमिक र म्यानपावर कम्पनीलाई जिम्मेवार बनाउनुपर्ने मन्त्री श्रेष्ठले बताए । मलेसियामा लामो समय गैरकानुनी हैसियतमा बसेका, तलब भुक्तानी नपाएका, रोजगारीबाट निष्कासनमा परेका र जेलमा रहेका गरी १० जना श्रमिकलाई उद्धार गरी नेपाल ल्याइएको थियो ।

मन्त्री श्रेष्ठले विदेशमा नेपाली श्रमिकले भोगेको समस्या समाधानका लागि सम्बन्धित देशको सरकारसँग कुरा गर्ने पनि बताएका छन् । मन्त्री श्रेष्ठले उद्धार गरिएका श्रमिकहरूलाई नेपालमै स्वरोजगार बन्न र विदेश जानै परे सीप सिकेर तथा सबै प्रक्रिया बुझेर मात्रै जान आग्रह गरेका छन् । रोजगारदाता कम्पनी, श्रमिक पठाउने म्यानपावर कम्पनी तथा श्रमिकको आफ्नै कमजोरीका कारण धेरै नेपाली विदेशमा समस्यामा पर्ने गरेको भन्दै सबै सचेत हुनुपर्ने मन्त्री श्रेष्ठको भनाइ थियो ।

**नेपाली कांग्रेसको संकल्प**

## 'सवल स्थानीय सरकार, समुन्नत गाउँनगर'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसले यही वैशाख ३० हुने स्थानीय तहको निर्वाचनका लागि पार्टीको घोषणापत्र सार्वजनिक गरेको छ । 'नेपाली कांग्रेसको संकल्प' नाम दिइएको घोषणापत्र आइतबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको हो ।

समुन्नत नेपालको राष्ट्रिय अभियानलाई अगाडि बढाउन पार्टीले तीनै तहको सरकारको नेतृत्व गर्न चाहेको कांग्रेसको भनाइ छ । कार्यक्रममा घोषणापत्रबारे जानकारी दिँदै कांग्रेस महामन्त्री एवं घोषणापत्र तयारी समितिका संयोजक गगनकुमार थापाले स्थानीय सरकार सवल र सक्षम भयो भने मात्र लोकतन्त्र पनि बलियो हुने बताए ।




वि.सं. २००७ को क्रान्तिपछिको सरकारमा स्थानीय स्वायत्त शासन साकार पार्न कांग्रेसले छुट्टै मन्त्रालयको व्यवस्था गरेको जानकारी दिए । सवल स्थानीय सरकारमार्फत विविधतालाई एकतामा जोड्दै लोकतन्त्रलाई समावेशी र सहभागितामूलक बनाएर देशको समुन्नतिको ढोका खोल्नुपर्छ भन्नेमा नेपाली कांग्रेस प्रस्ट रहेको उनको भनाइ थियो ।

कांग्रेसले अब राजनीतिक मुद्दाकै खिचातानीमा अल्झने र प्राप्त अवसरलाई गुमाउने सुविधा तथा समय नभएको उल्लेख गर्दै संविधानसभामार्फत जारी भएको संविधानको रक्षा र संस्थागत विकास गर्दै हासिल गरेका ऐतिहासिक उपलब्धिलाई जोगाएर देशलाई अगाडि बढाउने विषयमा पार्टीको प्रस्ट र दृढ प्रतिबद्धता व्यक्त गरेको छ । 'नेपाली कांग्रेसको संकल्प' नाम दिइएको घोषणापत्रमा पार्टीको गौरवशाली इतिहास र आदर्शलाई स्मरण गर्दै संविधानले जनतासँग वाचा गरेको समुन्नतिको आधार निर्माण गर्ने, समुन्नत नेपालको जग बसाल्ने उल्लेख गरेको छ ।

'समुन्नत नेपाल कुनै एक व्यक्तिको चमत्कारले होइन, सबै नागरिकको सामूहिक प्रयत्नले डोर्‍याउने उज्यालो भविष्यतिरको सुनौलो यात्रा हो । समुन्नत नेपालको केन्द्रमा केवल कोरा आर्थिक विकास (बाँकी पृष्ठ ३ मा)




# काठमाडौंवासीको धारामा आउन थाल्यो मेलम्चीको पानी

**काठमाडौं–** काठमाडौं उपत्यकामा मेलम्चीको पानी पुनः वितरण गर्न थालिएको छ । मेलम्चीबाट छाडिएको पानी सुन्दरीजल आइपुगेपछि वितरण सुरु गरिएको हो । आइतबार खानेपानीमन्त्री उमाकान्त चौधरीले काठमाडौं उपत्यका खानेपानी लिमिटेड, बानेश्वर शाखाको कार्यालयमा चाबी (भल्भ) खोलेर पुनः वितरण सुरु गरे ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले आइतबार पाँच करोड लिटर पानी वितरण गरिएको जानकारी दिएको थियो । पहिलो दिन महाँकाल चौर र नयाँ बानेश्वर शाखाबाट पानी वितरण गरिएको छ । सोमबारबाट थप पानी आउने र थप स्थानमा वितरण गरिने केयुकेएलले जानकारी दिएको छ ।

उक्त अवसरमा मन्त्री चौधरीले आफूले मन्त्रालयको जिम्मेवारी सम्हाल्दा गरेको प्रतिबद्धताका आधारमा पानी ल्याइएको बताए । उनका अनुसार अझै पनि कतिपय संरचना सम्पन्न हुन बाँकी भएकामा तत्कालका लागि पानी पथान्तरण गरिएको उनले बताए । गत वर्ष बाढीपहिरोका कारण मुहानको माथिल्लो तटीय क्षेत्रमा पुगेको क्षतिका बारेमा दातृ निकाय एसियाली विकास बैंकले विस्तृत अध्ययन गरिरहेको उनले बताए ।

सो अध्ययनको प्रतिवेदन आएपछि सबै निकायसँगको समन्वयमा मर्मत गरिने उनले बताए । उनले भने, 'वर्षायाममा मेलम्चीमा क्षति पुग्ने भए पनि पूर्वसूचना दिने प्रणाली सुरु गरिएको छ ।' खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले अहिले अस्थायी प्रक्रियाबाट पानी काठमाडौं ल्याइएको बताए ।

उपत्यकामा रहेका १० टचांकीबाट खानेपानी वितरण गरिनेछ । वर्षामा सुरुङ बन्द गर्नुपर्ने अवस्था आउँदा बागमतीको पानी वितरण गरिने उनले जानकारी दिए । काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणाले गत वर्ष नभएकामा यस वर्ष भक्तपुरमा पनि पानी वितरण गरिने बताए । एक/दुई दिन बिराएर उपभोक्ताका घरघरमा पानी वितरण हुने उनको भनाइ छ ।

आयोजना कार्यान्वयन निर्देशनालयका प्रमुख राजेन्द्र सापकोटाले निर्देशनालयले सुन्दरीजलबाट उपभोक्ताका घरघरमा पानी पुर्‍याउन आवश्यक संरचना निर्माण गरेको बताए । आवश्यक संरचना निर्माण सकिएको उनको भनाइ छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मिलन शाक्यले गत वर्ष केही समय पानी वितरण गरिएको भए पनि बाढीका कारण वितरण ठप्प हुँदा नागरिक निराश भएको बताए । उनका अनुसार अहिले पुनः पानी आउँदा नागरिकमा आशा पलाएको छ ।

लिमिटेडका बानेश्वर शाखा प्रमुख नारायण कर्णले शाखाले तालिका प्रकाशित गरेर आम उपभोक्तालाई पानी वितरणबारे जानकारी गराइरहेको बताए ।

*-सृजना कुँवर, प्रशिक्षार्थी पत्रकार*


## रोमनियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORKPOWER SRL

पूर्व स्वीकृति मितिः २०७८/०५/१६ पून : विज्ञापन स्वीकृति मितिः २०७९/०१/११ LT. No.244676 चलानी नं.६०१६२२४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | Euro | ने.रु. | | | | | | | |
| 1 | Construction Labours | 15 | 0 | 600 | ७९,५१० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Worker /labour | 25 | 0 | 550 | ७२,८८५ | | | | | | | |
| 3 | Hospitality Worker | 4 | 0 | 600 | ७९,५१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः बैशाख १९ गते (2nd May 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ४०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५२६/०७४/०७५

**Himalayan Valley Nepal Pvt.Ltd.**

Gausala-9, Kathmandu, Nepal, Tel : +977-1- 4113812

E-mail : info@himalayan.com.np


## कालीगण्डकी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

**विद्यालय कक्षा कोठा र पुस्तकालयका लागि फर्निचर निर्माण तथा ढुवानी सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९ बैशाख १२ गते)**

पढ्नको लागि कोठा (Room to Read) र कालीगण्डकी गाउँपालिकासँगको साझेदारीता र सूर्योदय क्लबको व्यवस्थापनमा सञ्चालित साक्षरता कार्यक्रम अन्तर्गत कक्षाकोठा र पुस्तकालयको लागि फर्निचर निर्माण गरी यस गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयहरुमा आपुर्ति गर्नुपर्ने भएकोले ईच्छुक कानुनी मान्यता प्राप्त फर्निचर उत्पादक कम्पनीबाट रितपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| सि.नं. | दरभाउ पत्र नं. | विवरण | बेंक जमानत | लागत अनुमान (भ्याट सहित) | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | KLGD/G/SQ/ 02/078/079 | विद्यालय कक्षा कोठा र पुस्तकालयका लागि फर्निचर निर्माण तथा ढुवानी | ६०,०००।०० (९० दिन म्याद अवधि) | १४,९१,२४०।०० | रु. १०००।- |

**दरभाउ पत्र बुझाउने अन्तिम मिति र समयः** २०७९/०१/२७ गते दिउँसो १२ बजे

**दरभाउ पत्र खोलिने मिति र समयः** २०७९/०१/२७ गते दिउँसो १ बजे

**बैंक खाता नं.** प्राइम कमर्सिइल बैंक लि. कालीगण्डकी शाखा 06700187CA (राजस्व)

नोटः बोलपत्र साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजात बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कालीगण्डकी गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जामा निहित रहने छ ।

आठविसकोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**आठविसकोट, रुकुम (पश्चिम)**

कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०१/१२ गते)

यस कार्यालयबाट बोलपत्र आह्वान गर्ने सम्बन्धमा मिति २०७८/१२/०३ गते मध्यान्न दैनिक पत्रिकामा प्रकाशित सूचना "Construction of RCC Frame structure school building of Shree Janata Secondary School, Jhinchaur–10, Aathbiskot Municipality" अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरूमिति २०७९/०१/०४ गते खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरूको रोहवरमा खोली मूल्यांकन समितिमा पेश भई मूल्यांकन समितिले उक्त बोलपत्रहरूको प्राविधिक र आर्थिकपक्षको मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उल्लेखित प्रस्तावदाताको बोलपत्र स्वीकृतको लागी छनोट गर्ने निर्णय गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| बोलपत्र नं. | छनोट भएका प्रस्तावदाताको नाम ठेगाना | बोलपत्रविवरण | कबोल अंक भ्याट सहित | कै. |
|---|---|---|---|---|
| AMO/NCB/ W-4/2078/079 | Shaikumari Engineering Consultancy Pvt. Ltd. Aathbiskot Municipality, Rukum(west) | Construction of RCC Frame structure school building of Shree Janata Secondary School, Jhinchaur-10, Aathbiskot Municipality. | NRs. 1,10,11,226.24 | |

**मणि राज शाह**

**नि. प्रमुख प्रशासकिय अधिकृत**

नेपाल सरकार

**रक्षा मन्त्रालय**

**नेपाली सेना**

श्री नं.१५ बाहिनी अड्डा तोपखाना व्यारेक

## सिलबन्दी दरभाउपत्रको सूचना

(प्रथम पटक ७ दिने सूचना प्रकाशित मिति २०७९/०१/१२ गते)

यस बाहिनी अड्डाको चालू आ.ब.०७८।७९ मा मेशिनरी औजार तर्फ रेडियो सेटहरूको एसेसररिज र स्पेयर पार्टसहरू मरामत तथा सिलबन्दी दरभाउको प्रक्रियाबाट खरिद गर्नूपर्ने भएकोले ईच्छुक निमार्ण व्यवशायी/फर्म/कम्पनीहरूले तपशिलमा उल्लेखित सर्तहरू पालना गर्ने गरी मिति २०७९/०१/१९ गतेका १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नूपर्ने छ ।

१. बोलपत्र फाराम दस्तुर रु. ५,०००। (पछि फिर्ता नहुने गरी) कार्यालय समयभित्र खरीद गर्न सकिने छ ।

२. सिलबन्दी बोलपत्रदाताले जमानत वापत रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालयले नेपाल बैंक लिमिटड धर्मपथ काठमाण्डौमा खोलेको धरौटी खाता नं.००२०१०००००२००३३००००१ मा जम्मा गरेको रकमको सक्कलै बैंक भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट "क" बर्गको ईजाजत प्राप्त बैंकहरूबाट यस कार्यालयको नाममा जारी भएको बैक जमानत पेश गर्नु पर्नेछ । बैंक जमानतको म्याद घटीमा १२० दिन भएको हूनू पर्नेछ ।

३. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने प्रमाणित कागजातहरू

(क) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी

(ख) PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि

(ग) कारोबार गर्ने उदेश्य खूलेको फर्म/संस्था वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि

(३) आ.ब.७७/७८ को करचूक्ता प्रमाण पत्र

(ङ) लिखित रूपमा गरेको घोषणा पत्र

(च) इजाजत पत्रको प्रतिलिपी (नबिकरण गर्नुपर्ने स्थिती र अवस्थाको भए नविकरण सहितको)

(५) निबेदन पत्र

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र जमानत (बिडबण्ड) रु. | मू.अ.कर सहितको रकम | बोलपत्र खोलिने मिति र समय | कैं |
|---|---|---|---|---|---|
| २०७८/७९/०६ | नेपाली सेनामा प्रयोगमा रहेका रेडियो उपकरणहरू मर्मत कार्यको लागि आवश्यक एसेसरिज आदि | १८०००००.०० | ६००००००.०० | २०७९/०१/१९गतेको १३०० बजे (सो दिन विदा परेमा सोको भोलिपल्ट) | |

**नोट**

१. सम्झौता भएको मितिले ५ (पाच) दिन भित्र सामानहरू उपलब्ध गराई सक्नू पर्नेछ ।

२. स्पेसिफीकेशनमा उल्लेखित सामानहरू ५० प्रतिशत भन्दा बढि वा ५० प्रतिशत सम्म उपलब्ध गराएमा फरक पर्नेछैन ।

**HEAL Nepal**
**Chabahil, Kathmandu**
**Invitation for Bids**
Bid No.: QCN/HEAL/10/078/79
(First date of publication: 25/04/2022)

HEAL Nepal invites bids from eligible bidders for the Construction of toilet and hand washing station with water supply system to enhance health and hygiene facilities at Bhainsepati Lalitpur and New Baneswor in Kathmandu in support of Qatar Charity Nepal. The bidders having Minimum Work Experience of similar nature: Two (2) contracts related to projects within the last Two (2) years with a value of at least **NRs. 3,000,000.00 (Three Million Nepali Rupees)** excluding VAT are eligible to submit sealed Envelopes Bidding Procedures.

**Project Details:**

| S. No | Name of the Project | Unit | Cost of BID (NPR) | Bid Security amount validity for 45 days (NPR) |
|---|---|---|---|---|
| 1 | Construction of RCC toilets with 4 cabins | 2 | 1,000 | 2.5 % of Amount quoted in BOQ by bidders |
| 2 | Construction of RCC toilets with 3 cabins | 1 | | |

A complete set of bidding document shall be purchased from **HEAL Nepal office, Chabahil Kathmandu** on the submission of a written application, along with the copy of company/firm registration certificate. Bidders, should deposit the non-refundable cost of bidding document NPR **1,000.00** (One thousand Nepali Rupees only) in the client's account as specified below and bid shall be submitted in hardcopy only on or before **01st. May 2022, 14:00 hrs**. and Bid Shall be open on date **01st. May 2022, 15:00 hrs.** at HEAL Nepal Office.

**Note: 1) All Documents Should be Verified by the Notary.**

**2) Bidders shall submit the bank guarantees for bid security from "A" Class Commercial bank.**

**Account Details**:

Account name: HEAL Nepal
Account number: 01CA063622NPR001
Bank name: NIC Asia

For further information: Ph.: +977-01-4488513
Email: heal.nepal2010@gmail.com


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAMARA GRILL RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति :२०७९/०१/०९ LT. No. 261996 चलानी नं.६०१७८२५२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | General Worker | 1 | 0 | 1000 | ३२,६६५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Restaurant Worker | 2 | 0 | 1200 | ३९,१८५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

कम्पनी : AL TEBYAN FOAM

पूर्व स्वीकृति मिति :२०७९/०१/०९ LT. No. 257916 चलानी नं.६०१७८२५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Worker | 7 | 0 | 1500 | ६३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १६ गते (29th Aprl 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323

Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS


**प्रदेश सरकार**

**लुम्बिनी प्रदेश**

**भौतिक पूर्वाधार बिकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय**

**सडक पूर्वाधार बिकास कार्यालय**

**रुपन्देही**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः- २०७९/०१/१२)

यस कार्यालय बाट मिति २०७८।११।२७ गते प्रकाशित सूचना अनुसार मिति २०७८।१२।२८ गते दिनको १२ :०० वजे सम्म bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरु लाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको बोलपत्रदाता | कबोल रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1 | Upgrading of Ranibagia-Jhegamara-Kachal Road, Rupandehi | RIDORUP/RUP/134/ NCB/078/79/110-II | K.B. Construction, Raspurcot Pyuthan, Nepal | 28,02,962.99 |

**मनोनयन..**

बाँकी पृष्ठ १ बाट जारी

तर, जिल्ला नेतृत्वले पोखरा महानगरपालिकाबाहेक अन्य कुनै पालिकामा गठबन्धन नगर्ने र एकल रूपमा चुनावमा जाने निर्णय गरेपछि कार्यकर्ताले ताला खोलेका थिए । यससँगै कास्कीमा पोखरा महानगरपालिकाबाहेक अन्यत्र गठबन्धन नहुने भएको छ । कांग्रेसलाई काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकामा प्रमुख तथा पोखरा, भरतपुर र वीरगञ्ज महानगरपालिकामा उपप्रमुख दिने गठबन्धन दलबीच सहमति भइसकेको छ । तर, उम्मेदवार टुंगो लगाउन बाँकी छ । देउवाले सोमबार बिहानसम्म उम्मेदवारको टुंगो लगाउने र सोमबार मनोनयन दर्ता गरिने उनीनिकट नेताहरूले बताएका छन् ।

**कुन महानगरमा कसले गराए उम्मेदवारी दर्ता ?**

पोखरा र विराटनगर महागरपालिकामा सत्ता गठबन्धनभित्र रहेका दलका नेताहरूले असन्तुष्टि जनाउँदै स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । नेपाली कांग्रेस र जसपाका नेताहरूले यसरी उम्मेदवारी दर्ता गराएका हुन् ।

**काठमाडौं महानगरपालिका**

उम्मेदवारी दर्ताको पहिलो दिन काठमाडौं महानगरपालिकाको मेयरमा १६ जना र उपमेयरमा १७ जनाले उम्मेदवारी दर्ता गराएका छन् । विभिन्न वडाको वडाध्यक्षमा २३ जना र वडा सदस्यमा आठ जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन कार्यालयले जनाएको छ ।

काठमाडौंको मेयरका बालेन शाह, रविकान्त मानन्धर, राजन कार्की, ज्ञानु लामा र अमोट महर्जनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, राष्ट्रिय यथार्थवादी पार्टीका तर्फबाट आनन्दराज जोशीले उम्मेदवारी दर्ता गराएका छन् । विवेकशील साझा पार्टीको तर्फबाट समीक्षा बाँस्कोटा, आधुनिक नेपाल समाजवादी पार्टीका सुरेशरत्न बज्राचार्य, नेपाल समावेशी पार्टीका रामबहादुर खड्का, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट सीता तामाङले उम्मेदवारी दर्ता गराएका छन् ।

मौलिक जरोकिलो पार्टीको तर्फबाट मनोजराज आचार्य, उपत्यका सडक विस्तार पीडित संघर्ष समितिका संयोजक सुमन सायमी, आधुनिक नेपाल समाजवादी पार्टीका गुणबहादुर बञ्जाराले पनि काठमाडौंको मेयरमा उम्मेदवारी दर्ता गराएका छन् ।

**ललितपुर महानगरपालिका**

ललितपुर महानगरपालिकाको मेयरमा आठ जना र उपमेयरमा तीन जनाको उम्मेदवारी दर्ता भएको छ । मेयरमा राष्ट्रिय जनमुक्ति पार्टी, आमूल परिवर्तन मसिहा पार्टी, मजदुर किसान पार्टी, मौलिक जरोकिलो पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, विवेकशील पार्टी, नेकपा माले र स्वतन्त्रले उम्मेदवारी दिएका छन् । यस्तै, उपमेयरमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी र एक जना स्वतन्त्रले उम्मेदवारी दिएका छन् ।

**पोखरा महानगरपालिका**

पोखरा महानगरमा पहिलो दिन मेयरका लागि १० जनाले उमेदवारी दर्ता गराएका छन् । यसरी उम्मेदवारी दर्ता गराउनेमा छ जना स्वतन्त्र उमेदवार छन् भने चारदलीय उमेदवार हुन् ।

स्वतन्त्र उम्मेदवारी दिनेमा लेखक गणेस पौडेल (खडकराज पौडेल) विमलबहादुर कार्की, रामराज अधिकारी, डिलबहादुर गुरुङ, नवराज बास्तोला, किसानसिंह गुरुङ छन् । नेपाली कांग्रेसबाट विद्रोह गर्दै कार्कीले उम्मेदवारी दर्ता गरेका हुन् ।

सञ्जय तिमिल्सिनाले मौलिक जरोकिलो पार्टी, सचेत नेपाली पार्टीबाट भोजराज खनाल, नेपाली जनता दलका मुक्तिनाथ सुवेदी, मंगोल नेसनल अर्गनाइजेसनका प्रेमप्रसाद गुरुङले मेयरमा उमेदवार दर्ता गराएका छन् ।

**भरतपुर महानगरपालिका**

मनोनयनको पहिलो दिन भरतपुर महानगरको मेयरमा ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् । यसरी उम्मेदवारी दर्ता गराउनेमा छ जना राजनीतिक दलबाट र पाँच जना स्वतन्त्र उम्मेदवार रहेका छन् ।

महानगरको प्रमुख पदमा नेपाल मजदुर किसान पार्टीका हरिप्रसाद दुवाल, राष्ट्रिय जनमुक्ति पार्टीका ज्ञानबहादुर गुरुङ र मंगोल नेसनल अर्गनाइजेसनका टेकबहादुर पुन, नेकपा मालेका सूर्यप्रसाद रेग्मी, मौलिक जरोकिलो पार्टीका विनोदकुमार गिरी र उन्नत लोकतन्त्र पार्टीका दीपेन्द्र बास्तोलाले उम्मेदवारी दर्ता गराएका छन् ।

स्वतन्त्रबाट रुद्रप्रसाद सापकोटा, मोहित पाण्डे, यमकान्त शर्मा कँडेल, हरिश्चन्द्र घिमिरे र रामकृष्ण ओझाले उम्मेदवारी दर्ता गराएका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

**विराटनगर महानगरपालिका**

विराटनगर महानगरपालिकाको मेयरमा तीन जनाको उमेदवारी परेको छ । तीमध्ये एक जना सिके राउतको पार्टीका रहेका छन् भने दुई स्वतन्त्र हुन् । मेयरसहित वडाध्यक्ष र सदस्य पदमा गरी ५७ जनाको मनोनयन दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जनमत पार्टीबाट पार्टीका महानगर समिति अध्यक्ष अरूणकुमार मण्डलले मेयरमा मनोनयन दर्ता गराए भने स्वतन्त्रबाट उमेश यादव र सक्रिय गौतमले उम्मेदवारी दिएका छन् ।

**वीरगञ्ज महानगरपालिका**

पर्साको वीरगञ्ज महानगरपालिकामा आइतबार ७७ जनाको उम्मेदवारी दर्ता भएको छ । जसमा मेयर पदका लागि १२ जनाको उम्मेदवारी परेको छ । उपमेयरमा पहिलो दिन कसैले पनि उम्मेदवारी दर्ता गराएका छैनन् । वडाध्यक्षमा २० जना, दलित महिला सदस्यमा छ जना, महिला सदस्यमा १० जना तथा खुला सदस्यमा २९ जनाले मनोनयन दर्ता गराएको वीरगञ्ज महानगर निर्वाचन अधिकृत जयप्रसाद काफ्लेले जानकारी दिए ।

# स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्न छलफल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आसन्न 'स्थानीय तह निर्वाचन-२०७९' सफलतापूर्वक सम्पन्न गर्न प्रधान सेनापति महारथी प्रभुराम शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री, सशस्त्र प्रहरी बल नेपालका, सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी. तथा राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक यदुलाल खरेल बीच छलफल भएको छ ।

नेपाली सेनाका बलाधिकृत रथी, बलाध्यक्ष रथी, रथीवृन्दहरू तथा अन्य सुरक्षा निकायका पदाधिकारीको सहभागीता रहेको उक्त कार्यक्रममा युद्धकार्य निर्देशनालयका निर्देशकले आउँदो 'स्थानीय तह निर्वाचन-२०७९" को लागि नेपाली सेनाले हालसम्म गरेका कार्यहरूको प्रगति विवरण तथा भविष्यमा अन्य सुरक्षा निकायहरूसँग समन्वय गर्नुपर्ने विषयहरूका बारेमा प्रस्तुतीकरण गरेका थिए ।

साथै, उक्त कार्यक्रममा सबै सुरक्षा निकायका प्रमुखहरूबीच 'स्थानीय तह निर्वाचन-२०७९" स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट सुरक्षा निकायहरूलाई प्राप्त जिम्मेवारीहरू आपसी समन्वय र सहकार्यका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लगायतका विषयहरूमा छलफल भएको थियो ।

**सवल स्थानीय...**

बाँकी पृष्ठ १ बाट जारी

र भौतिक संरचनामात्रै होइन, नेपाली जनताको समग्र मानव विकासको बृहत् अवधारणा अन्तर्निहित छ,' घोषणापत्रमा उल्लेख छ । समुन्नत नेपाल नागरिकलाई सवल, सक्षम र स्वतन्त्र बनाई देशलाई सम्पन्न बनाउने कांग्रेसको अवधारणा छ ।

कांग्रेसले अवलम्बन गर्ने नीतिमा अबको दशक नेपालको समुन्नति र सम्पन्नताको दशक हुनेछ । प्रस्ट मार्गचित्रका साथ समुन्नतिको यही राष्ट्रिय संकल्पको कार्यान्वयनमा आफूलाई समर्पित गर्ने कांग्रेसको वाचा छ । कहाँ पुग्ने र कसरी पुग्ने भन्ने विषयमा अब कुनै द्विविधा नरहेको घोषणापत्रमा उल्लेख छ ।

कांग्रेसले नेपाललाई वैदेशिक लगानीको आकर्षक गन्तव्य बनाई नागरिकको जीवनस्तरलाई उकास्न हरदम प्रयत्नशील रहने देशभक्तिको राजनीतिमा विश्वास गरेको छ । पार्टीले गैरआवासीय नेपालीलाई आफू जन्मिएको, हुर्किएको गाउँ तथा नगरले लिएका आर्थिक-सामाजिक पहलमा सहकार्य गर्न उत्प्रेरित गर्ने र त्यसका लागि आवश्यक नीति र संयन्त्रको व्यवस्था गर्ने जनाएको छ । वैदेशिक रोजगारको विकल्प नबन्दा झण्डै तीन करोड जनसंख्या भएको अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार लगभग २५ प्रतिशत हुनु उल्लेख्य रहेको उल्लेख गरेको छ । अर्को १० वर्षमा यसलाई १०-१५ प्रतिशत बिन्दुले घटाउन कांग्रेसले महत्त्वाकांक्षी पहल लिने जनाएको छ ।


**लम्किचुहा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**भल्का कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७९/०१/१२**

मिति २०७८।११।३० गतेको प्रभाब पत्रिकामा प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम/ कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | 04/LCM/G/2078/079 | SUPPLY AND DELIVERY OF SANITARY PADS | Malika Surgical and Suppliers Lamkihuha Municipality-10, Kailali | 2,955,282.93 |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, राजपुर डोटी**

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

**सूचना प्रकाशीत मिति : २०७९/०१/१२**

यस कार्यालयबाट मिति २०७८/११/२६ को हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | खरिद नं. | खरिद कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | PUDBC/ DOTI/Works/ NCB/2078/079/16 | Upgrading of Dethala-Ranishikar Agar Road section (Package-I), Shailyashikar Mun. Darchula | Advanced Precast and Construction Pvt. Ltd, Darchula | २८,४९,८८४।५० |
| २ | PUDBC/ DOTI/Works/ NCB/2078/079/17 | Upgrading of Santali-Kimada-Palkot Road section, Shikar Municipality 11 Doti | Jagannath Construction & Suppliers, Doti | ३१,६४,३६०।०० |
| ३ | PUDBC/ DOTI/Works/ NCB/2078/079/18 | Upgrading of Road Dethala-Ranishikhar-Aagar Road section(Package-II), Shailshikar Municipality Darchula | Dev Construction Company, Darchula | २६,४३,८१५।०० |
| ४ | PUDBC/ DOTI/Works/ NCB/2078/079/19 | Construction of Drain at Byas Tusarpani in Byas Rural Municipality Darchula | Jaydurge Nirman Sewa, Darchula | २४,६१,५१५।०० |
| ५ | PUDBC/ DOTI/Works/ NCB/2078/079/20 | Construction of Urban Infrastructure at Dadagaun Dalit Basti, Jayaprithivi Municipality, Bajhang (Phase II) | Langa Devta Nirman Sewa, Bajhang | २५,५२,६३९।८० |
| ६ | PUDBC/ DOTI/Works/ NCB/2078/079/21 | Upgrading of Patal-Kada-Garnele Road Section at Bungal Municipality, Bajhang | Binod Nirman Sewa, Bajhang | २३,१३,३८२।४० |
| ७ | PUDBC/ DOTI/Works/ NCB/2078/079/22 | Integrated Model Settlement Work at Deulikot Dudila Dalit Basti in Bungal Municipality, Bajhang | Binod Nirman Sewa, Bajhang | ३१,८८,७९७।७० |
| ८ | PUDBC/ DOTI/Works/ NCB/2078/079/23 | Physical Infrastructure Development of Budhiganga Municipality, Bajura | G.R.Construction, Bajura | २२,६९,७३६।५० |
| ९ | PUDBC/ DOTI/Works/ NCB/2078/079/24 | Upgrading of Road Work from Nawaghar Babai Bhagwati Mandir to Chaupadi Road in Budhiganga Municipality Bajura | B.R.S.Construction & Suppliers, Bajura | १७,१६,१७७।५० |
| १० | PUDBC/ DOTI/Works/ NCB/2078/079/25 | Upgrading Works of road at zero point to thapala picnic spot-ghaghana kholla road section (phase II) in Dipayal Silgadhi Municipality Doti | S.S.Shrestha Nirman Sewa, Doti | २४,३०,६८२।०० |
| ११ | PUDBC/ DOTI/Works/ NCB/2078/079/26 | Upgrading of Road from Laha ko Pahar to Naridang Road section in Dipayal Silgadhi Municipality Doti | S.S.Shrestha Nirman Sewa, Doti | २४,९९,०६९।०० |
| १२ | PUDBC/ DOTI/Works/ NCB/2078/079/27 | Upgrading of Sinkelek to Luita - Apang Punasthapana Kendra Road in Dashrathchand Municipality Baitadi | Akhil Nirman Sewa, Baitadi | २६,७१,५३०।०० |
| १३ | PUDBC/ DOTI/Works/ NCB/2078/079/28 | Construction of Drain at Tichaura Talla and Lamauta in Dashrathchand Municipality Baitadi | Laximan and Brothers Constuction, Baitadi | ५७,९४,८१८।५० |
| १४ | PUDBC/ DOTI/Works/ NCB/2078/079/29 | Integrated Settlement Development and Infrastructure work at Dudhila Dalit Tol of Bungal Municipality, Bajhang | Binod Nirman Sewa, Bajhang | ३७,७७,७६१।५० |
| १५ | PUDBC/ DOTI/Works/ NCB/2078/079/30 | Integrated settlement Development and Infrastructure Work at Chaudhari of Durgathali Rural Municipality of Bajhang (Phase II) | Banu Construction and Engineering Solution, Bajhang | २३,१९,५१५।३० |

**आयोजना प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्वतन्त्र उम्मेदवारीको अर्थ

वैशाख ३० गतेका लागि तय स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले आइतबार र सोमबार मनोनयन दर्ताको समय निर्धारण गरेको छ । जसअनुसार आइतबार केही स्थानीय तहमा सीमित उम्मेदवारी पऱ्यो । केही साना दल र स्वतन्त्र उम्मेदवारले आइतबार मनोनयन दर्ता गराए । प्रमुख दलहरूले कुनै पनि तहमा उम्मेदवारी दर्ता गराएनन् । सत्ता गठबन्धनभित्रको किचलो र एमालेभित्रको सकसले आइतबार मनोनयनमा खास उत्साह देखिएन । आयोगले तय गरेको निर्वाचन कार्यक्रमको पहिलो दिन जति उत्साहपूर्ण हुनुपर्ने हो दलहरूको आन्तरिक कलहले त्यो हुन सकेन ।

निर्वाचन आयोगका अनुसार आइतबार पालिका प्रमुख/अध्यक्षका लागि ९८७, उपप्रमुख/उपाध्यक्षका लागि ५०८, वडाध्यक्षका लागि २,९२१, वडा सदस्यका लागि ३,३३८, महिला सदस्य १,५७६ र दलित महिला सदस्यका लागि १,२०३ जनाको उम्मेदवारी परेको छ ।

कतै उम्मेदवारी अस्वीकार गरिएका छन् भने कतै गठबन्धनको विरुद्ध विद्रोह गरेर उम्मेदवारी दर्ता भए । आइतबारको मनोनयन दर्ताको रुझान हेर्दा स्वतन्त्र उम्मेदवारी दिनेको संख्या उल्लेख्य देखिएको छ । सोमबार पनि यो संख्या थपिएला नै ।

सबैभन्दा धेरै स्वतन्त्र उम्मेदवारी काठमाडौं महानगरपालिकामा परेको छ। प्रमुखका लागि काठमाडौंमा १६, ललितपुरमा ८, पोखरामा १०, भरतपुरमा ११, वीरगञ्जमा १२ र विराटनगरमा ३ जनाको उम्मेदवारी परेको छ । यसमा धेरैजसो स्वतन्त्र उम्मेदवार छन् ।

नेपालको संविधानअनुसार राज्यले बर्जित गरेका कार्यमा संलग्न नभएका कुनै पनि नेपाली नागरिकले निश्चित प्रक्रिया पूरा गरेर उम्मेदवार बन्न पाउँछन् । जुन मौलिक हक नै हो । तर, यसरी स्वतन्त्र उम्मेदवारी दिने लहरलाई भने अर्थपूर्ण रूपमा लिन सकिन्छ । एकातिर, मानिसहरूमा राजनीतिक चेतनाको विकास हुँदै गएको देखिन्छ भने अर्कोतिर राजनीतिक विद्रोहको संकेत पनि देखिन्छ । चुनावमा सहभागी भए पनि जित/हार स्वाभाविक छ । एउटा पदमा एउटाले जित्ने हो, बाँकी त पराजित हुने नै हुन् । तर, यो पराजय पनि अर्थपूर्ण रहन्छ । किनकि, कुनै पनि उम्मेदवारले पाउने मतले उसको लोकप्रियता कति छ वा उसको एजेण्डामा कति मतदाता सहमत छन् भन्ने पनि हो ।

हुन त अचेल निर्वाचन शक्ति र पैसाको आडमा जितिन्छ भन्ने आमजनमा परेको छ । जसले पैसा खर्च गर्न सक्छ, जसले शक्तिको प्रयोग गर्न सक्छ उसैले चुनाव जित्छ भन्ने मान्यतामाथिको प्रहार पनि हो स्वतन्त्र उम्मेदवारी ।

हुन त दलीय व्यवस्थामा स्वतन्त्र उम्मेदवारी त्यति प्रभावकारी होइन। कथं स्वतन्त्र उम्मेदवार निर्वाचित भए भने त्यसपछि गर्ने उसको काममाथि ऊ मात्र जिम्मेवार हुन्छ । फेरि अर्कोपालि नउठ्ने भनेर उसले अनियमितता गर्न सक्छ । अनियमितता गर्दा उसलाई राज्यको कानुनअनुसार कारबाही त गर्न सकिएला तर त्यसमा कुनै दल नजोडिने भएकाले ती व्यक्ति उत्तरदायी नहुन सक्छन् । जस्तो, कुनै पार्टीबाट निर्वाचन पदाधिकारीले गलत काम गरेमा प्रश्नको कठरामा त्यो व्यक्ति मात्र उभिँदैन ऊ आबद्ध दल पनि उभिन्छ। जनताले ऊ आबद्ध दललाई प्रश्न गर्न सक्छन्, अर्को निर्वँचनमा सबक सिकाउन सक्छन्। तर, स्वतन्त्र उम्मेदवार निर्वँचित हुँदा यो अवसर नरहन सक्छ ।

यद्यपि, स्वतन्त्र उम्मेदवारी एक प्रकारको राजनीतिक विद्रोह नै हो । निर्वाचनमा कुन उम्मेदवार वा दललाई छान्ने भन्ने मतदाताको स्वविवेकीय अधिकार हो । यसमा कसैले दबाब र प्रभाव पार्नु हुँदैन । त्यसकारण स्वतन्त्र उम्मेदवार वा दलीय उम्मेदवारलाई मतदान गर्न जनता स्वतन्त्र छन् । यसमा उनीहरूले पक्कै आफ्नो मनको कुरा सुन्ने छन् ।

# जनप्रभुत्वमा आधारित शासन व्यवस्थाको आवश्यकता



अमर केसी

**'आमजनताका भावनालाई प्रत्यक्ष जनमतबाट बुझ्ने र निर्णय लिने व्यवस्था पद्धति नै जनसर्वोच्चताको व्यवस्था हो' भन्ने मान्यतालाई स्थापित गरी सार्वभौम जनशक्ति पुञ्जको निर्णयाधिकारमा प्रयोग गरिएका कुनै पनि राष्ट्रिय निर्णयहरू जनप्रभुत्वमा आधारित लोकतान्त्रिक शासन व्यवस्था स्थापित गरिनुपर्दछ । यस व्यवस्थाका लागि आमनेपाली जनताले राजनीतिक रूपान्तरणका लागि जुझारु रूपमा संघर्ष जारी राख्नुपर्दछ ।**

राजनीतिक प्रतिस्पर्धामा राजनीतिक दलको विरुद्ध राजनीतिक दल र व्यवस्थाको विरुद्ध व्यवस्थाको राजनीतिक प्रतिस्पर्धा निरन्तर चलिरहेको हुन्छ । यसै क्रममा विभिन्न कालखण्डमा देशभित्र अनेकौं राजनीतिक परिवर्तनहरू देखापर्न गयो । यद्यपि, नेपालमा विभिन्न कालखण्डमा धेरै खालका शासन व्यवस्थाहरू स्थापित भए ।

१) नायवी प्रथा तथा जहानियाँ राणा शासन २) संवैधानिक राजसंस्था ३) लोकतान्त्रिक व्यवस्था ४) पञ्चायती व्यवस्था ५) गणतान्त्रिक व्यवस्था ६) संघीय शासन व्यवस्था तथा समयसापेक्ष २०४७ सालको परिवर्तनमा राजा र जनताको संयुक्त मिश्रित राजनीतिक व्यवस्थासमेतलाई आत्मसात् गरेको थियो ।

नेपाली जनताले विगत ७० वर्षदेखि राजनीतिक परिवर्तनका लागि निरन्तर संघर्ष गर्दै आइरहेका छन् । ती संघर्षका आवाजहरूलाई जनताको पक्षको नाममा आन्दोलनको नेतृत्वपंक्तिले नयाँ रूपान्तरित व्यवस्थाको संज्ञा दिँदै आइरह्यो । त्यसबेलादेखि आजसम्मको यो राजनीतिक परिवेशभित्र संघर्षको नेतृत्व गर्दै वर्चस्ववादी राजनीतिक शक्तिहरूले संसदीय व्यवस्थाअन्तर्गत राजकीय शक्तिलाई आफूमा निहित गरेका छन् । विभिन्न घट्नाक्रमहरूलाई मूल्यांकन गर्दै मूल्यांकन गर्ने हो भने यसै रणनीतिअनुसार संसदीय सर्वोच्चताको अवधारणामा एक पक्षीय संभ्रान्त वर्गका लागि स्वार्थअनुकूलको शासन व्यवस्था स्थापित गरिएको छ । यसप्रकारको राजनीतिक वर्चस्वका लागि गरिएको कपटपूर्ण आन्दोलनले आम जनतामाथि अनेक राजनीतिक षड्यन्त्र गर्दै आइरहेको छ भन्ने हाम्रो स्पष्ट धारणा रहँदै आएको छ ।

विगतमा विभिन्न कालखण्डमा समाजमा रहेका विभिन्न वर्गहरूलाई समेट्दै आन्दोलनहरू भए । नेपालको राजनीतिक कालखण्डमा राणा शासनविरुद्ध नेपाली कांग्रेसको नेतृत्वले संघर्ष गरे । पञ्चायतको विरुद्ध कांग्रेस र कम्युनिस्ट वामशक्तिले मिलेर आन्दोलन गरे । २०६३ सालमा सात राजनीतिक दलहरूको मिलिभगतमा आन्दोलन भयो । भूमिगत तवरबाट नेकपा माओवादीहरू समेत दोस्रो जनआन्दोलनमा सहभागी रहे । पञ्चायती व्यवस्थाको विरुद्धमा नेपाली कांग्रेस लाग्नु, मालेको नेतृत्वमा सामाजिक सामन्तीहरूविरुद्ध हतियार उठाउनु, संसदीय प्रणाली र बहुदलीय प्रजातन्त्रको विरुद्ध माओवादीले जनयुद्ध गर्नु आदि यी सबै राजनीतिक संघर्षहरू कालान्तरमा आई राज्यसत्तासँग झुक्दै शान्ति प्रक्रियाको रूपमा एकैखाले राजनीतिक व्यवस्थामा अवतरण गरे । तर, ती सबै राजनीतिक संघर्षहरू राज्य र राजनीतिक रूपान्तरणविना कुनै संभ्रान्त वर्गको स्वार्थका लागि संभ्रान्त वर्गको अनुकूलमा राजनीतिक विश्राम गराउने काम भएको थियो ।

फगत कुनै पनि रूपान्तरित राजनीतिक व्यवस्थाले विगतदेखि पिल्सिएर रहेका, उत्पीडनमा परेका जनताहरूका समस्यालाई सम्बोधन गर्न सकेन । ती सबै राजनीतिक परिवर्तनहरू एक खाले संभ्रान्त वर्गका लागि नयाँ राजनीतिक समीकरण स्थापना गर्न उदय भएको थियो । यसै सन्दर्भमा विभिन्न कालखण्डमा बनेका संसदीय सर्वोच्चता कायम गरिएको संविधानलाई विश्वको उत्कृष्ट संविधानको टचाग झुण्डयाउने काम पनि गरियो ।

यसै क्रममा विभिन्न संघर्षहरूलाई राजनीतिक अवतरणको नाममा संसदीय व्यवस्थाको अगाडि घुँडा टेकाउँदै राजनीतिक रूपमा आत्मसमर्पण गर्न आइपुगे । नेपाली जनतालाई राजनीतिक परिवर्तनको नाममा सदैव ढाँट्ने काम भए । आ-आफ्नो राजनीतिक स्वार्थका लागि सत्ता रस्वादन गर्न कांग्रेसले पनि २०४७ सालमा संसदीय सर्वोच्चतामा आएर सम्झौता गऱ्यो । सशस्त्र विद्रोह गरेको मालेले पनि एमालेमा रूपान्तरण हुँदै जबजको नामबाट संसदीय व्यवस्थामा सम्झौता गऱ्यो । यसैगरी नेकपा माओवादीले पनि १० वर्ष सशस्त्र युद्धपश्चात बृहत् शान्ति सम्झौताको माध्यमबाट संसदीय सर्वोच्चतासँग नतमस्तक भई आत्मसमर्पण गर्न पुग्यो ।

अन्ततः विभिन्न राजनीतिक घटनाक्रमहरूलाई स्वार्थ अनुकूल व्याख्या गर्दै राजनीतिक दुश्चक्रभित्र निहित स्वार्थमा देखिने सच्चिएको प्रतिगमन र राजनीतिक सहमतिलाई परिवर्तनको बहानाबाजी गरियो । विश्वासघाती र आत्मसमर्पणवादी नेताहरूले जनतालाई संसदीय व्यवस्थाको अधिनस्त राजनीतिक खाडलभन्दा माथि कहिल्यै उठ्न दिएनन् ।

आजसम्म देशमा विद्यमान श्रमजीवि किसान, मजदुर दलित र बेरोजगार युवा तथा अल्पसंख्यकहरूको पछौटेपनमा कुनै परिवर्तन भएका छैनन् । चरम गरिबी, भोक, रोग, अशिक्षा र विभिन्न खालका उत्पीडनका समस्याहरूलाई परिवर्तित राजनीतिक व्यवस्थाले समान न्याय प्रदान गर्न सकेन । जनजीविकाको पक्ष र सम्बन्धमा भएका राजनीतिक आन्दोलनहरू निरर्थक सावित भए । राजनीतिक संघर्षका क्रममा भएको भौतिक क्षतिले देशलाई सयौं वर्ष पछाडि धकेलिदियो । जनताले सार्वभौम सत्ताको अधिकार स्थापित गर्न वर्षौंसम्म संघर्षको सामना गर्नुपऱ्यो । अतः जनताको बलिदानबाट स्थापित शासन व्यवस्था तर्जुमा गर्न र जनताको प्रभुत्वमा आधारित शासन व्यवस्था स्थापित गर्न नेपाली जनतालाई कहिल्यै प्रदान गरेनन् ।

नेपालको राजनीतिमा अस्थिरताको भुमरीलाई खेलाउने राजनीतिक वातावरण त्यहाँबाट सुरु हुन्छ, जहाँ विदेशी शक्तिहरूले राजनीतिक घेराबन्दीबाट देशका नेताहरूलाई सञ्चालित गरेका हुन्छन् । त्यो स्थान भनेको दलीय वर्चस्ववादमा आधारित सञ्चालन हुने संसदीय सर्वोच्चताको शासन व्यवस्था हो । यही राजनीतिक चलखेल र संसदीय सर्वोच्चताको आडमा प्रधानमन्त्री बिपी कोइरालाले राजा महेन्द्रको अधिकार कटौती गर्ने षड्यन्त्र गरे । यो षड्यन्त्रको परिणाम राजा महेन्द्रबाट सबै नेताहरूलाई पक्राउ गरी संसद् विघटनसमेत गरेका थिए । तत्पश्चात नेपालमा पञ्चायती व्यवस्थाको नयाँ युग प्रारम्भ गरियो ।

करिब ३० वर्षपछि २०४६ सालको जनआन्दोलनमार्फत पञ्चायती शासन व्यवस्थाको अन्त्य भयो । २०४७ सालको संविधान लागू भयो । देशको सार्वभौमसत्ता र राजकीय सत्ता राजामा निहित गरिदिए । जसबाट राजा ज्ञानेन्द्रले २०५९ साल असोज १८ र २०६१ माघ १९ गते आफ्नो हातमा शासन लिए । जसको विरुद्ध २०६२/६३ सालमा दोस्रो जनआन्दोलनको सुरुआत भयो । यसरी बारम्बार राजनीतिक खिचातानी र आक्रमणको विरुद्ध राजनीतिक आन्दोलन र संघर्षहरूबाट धेरै नेपाली जनताले साहदत प्राप्त गरे । २०६३ साल वैशाख ११ गते राजा र राजनीतिक दलहरूबीच सहमति कायम भई संसद् पुनःस्थापना गरियो । तर, त्यसको फलस्वरूप नेपाली जनताले पुनः एउटा वर्गशक्ति र सत्ताको अधीनमा शासनलाई अर्काको हातमा पुऱ्याउने काममात्र भयो ।

यद्यपि, त्यसैको धरातलमा टेक्दै देशमा लोकतान्त्रिक गणतन्त्रको शासन व्यवस्था स्थापित भएको छ । वर्तमान राजनीतिक अवस्थालाई विशिष्ट व्यवस्था भनेता पनि यहाँ उही संसदीय व्यवस्थाको अंकगणितीय खेल र स्वार्थ मनोवृत्तिका राजनीतिक चलखेल स्थापित भएको छ । नेपाली जनतालाई भ्रममा पार्दै आफ्ना राजनीतिक संकीर्ण स्वार्थहरूलाई लाद्नका लागि भारदार सांसदहरूलाई परिचालन गरेका छन् । तर, जनताले वास्तविक रूपमा राजनीतिक परिवर्तनबाट खास कुनै र उपलब्धिहरू प्राप्त गर्न सकिरहेका छैनन् । परिवर्तित राजनीतिक व्यवस्थाले जनतामा वितरणमुखी शासन र समृद्धि प्रदान गर्न सकेनन् ।

विभिन्न कालखण्डको आन्दोलनबाट राजनीतिक व्यवस्था परिवर्तन भए पनि जनताको वास्तविक अवस्था भने परिवर्तन हुन सकेन । देशमा नेपाली जनताको वास्तविक जनताको शासन व्यवस्था जनप्रभुत्वको शासन व्यवस्था कहिल्यै स्थापित हुन सकेन । अतः अबको राजनीतिक रूपान्तरण गर्दै जनप्रभुत्वको शासनअन्तर्गतको जनप्रधान तान्त्रिक व्यवस्था 'पिपुल्स सुप्रिमेसी' (जनताको सर्वोच्चता) स्थापित गरिनुपर्दछ भन्ने एक खालको जनलहर बढ्दै आएको छ । जसमा राजकीय तथा सार्वभौमसत्ता जनतामा निहित सामाजिक न्यायको लागि, जनताका अधिकारका लागि, राजनीतिक रूपान्तरणका लागि, जनप्रभुत्वको शासन व्यवस्था, जनप्रधानतन्त्र, जनशक्ति पुञ्जमा अन्तर्निहित सार्वभौम निर्णयाधिकारजस्ता मूलभूत वैचारिक मान्यतालाई अंगीकार गरेको छ । जसलाई लोकतान्त्रिक मूल्य र मान्यताभित्रको 'पिपुल्स सुप्रिमेसी' वा जनप्रभुत्ववादलाई सम्मान गर्दै अघि बढ्नुपर्दछ ।

'आमजनताका भावनालाई प्रत्यक्ष जनमतबाट बुझ्ने र निर्णय लिने व्यवस्था पद्धति नै जनसर्वोच्चताको व्यवस्था हो' भन्ने मान्यतालाई स्थापित गरी सार्वभौम जनशक्ति पुञ्जको निर्णयाधिकारमा प्रयोग गरिएका कुनै पनि राष्ट्रिय निर्णयहरू जनप्रभुत्वमा आधारित लोकतान्त्रिक शासन व्यवस्था स्थापित गरिनुपर्दछ । अतः यस व्यवस्थाका लागि आमनेपाली जनताले राजनीतिक रूपान्तरणका लागि जुझारू रूपमा संघर्ष जारी राख्नुपर्दछ ।

## मननयोग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एवम् प्यारो साथी हुन्। अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु।

२ विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्ररको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ।

**क्रमशः**

## पत्र-मन्जुषा

# पार्टी प्यालेसको ठगीधन्दा !

वैशाख लागेसँगै विवाह र ब्रतबन्धको सिजन सुरु भएको छ । जहाँतहीँ विवाह भोज भइरहेको देखिन्छ । अहिले पनि पार्टी प्यालेसमा बिहे, ब्रतबन्ध गर्ने र राजनीतिक कार्यक्रम गर्नेको भीड छ । हरेक पार्टी प्यालेसमा दिनहुँ भोज भइरहेको देखिन्छ । कोरोनाका कारण विगत दुई वर्षदेखि ठप्प रहेको पार्टी प्यालेसहरू अहिले सञ्चालनमा आइसकेका छन् ।

दुई वर्षको घाटा तीन महिनामा उठाउन पार्टी प्यालेसहरू तम्तयार भएका छन् । पहिलाको भन्दा तीन गुणा बढी मूल्य असुली गरिरहेको पाइन्छ । एउटा प्लेट एक हजार ३०० रूपैयाँबाट सुरु हुन्छ भने बढीमा दुई हजार ५०० रूपैयाँसम्म पर्न जान्छ । चाहे दुई वर्षको बच्चाले प्लेट समातोस् वा ९० वर्षको ज्येष्ठ नागरिकले । बच्चा र बूढाबूढीले त अरूभन्दा कम खान्छन् ।

नेपालको कानुनले ६० वर्ष कटेका व्यक्तिलाई ज्येष्ठ नागरिक भन्छ भने १६ वर्ष नपुगेको बच्चालाई नाबालिक भनेको छ । अस्पतालमा ज्येष्ठ नागरिकलाई उपचारमा छुट दिइन्छ । सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक र बच्चालाई ५० प्रतिशत नै छुट दिइन्छ । तर, पार्टी प्यालेसले नाबालक र ज्येष्ठ नागरिकसँग पूरै पैसा लिन्छ ।

यी दुवैले कति खालान् ? अरूको भन्दा आधामात्र खानेसँग पनि सराबरी पैसा लिएर ठगी गरिरहेका छन् । पार्टी प्यालेसको रेट सरकारले निर्धारण गरेको होइन । पार्टी प्यालेस सञ्चालक आफैंले निर्धारण गरेको रेट हो । नेपालको कानुनमा आफ्नो सामानको मूल्य मनलाग्दी राखेर बिक्रीवितरण गर्न पाइँदैन भनेर उल्लेख गरिएको छ ।

तर, पार्टी प्यालेसले यसरी जनता ठग्दा पनि के गर्दै छ सरकार ? नियमनकारी निकायले अनुगमनमा उदासीनता देखाउँदा सर्वसाधारण लुटिरहेको छ। सरकार देखे पनि नदेखेझैं गरिरहेको छ । पार्टी प्यालेसमा भोज वा कार्यक्रम दिने खानेकुरा खानयोग्य छ कि छैन भनेर सम्बन्धित निकायले अनुगमन गरेको पाइँदैन ।

कालिमाटी र बल्खुबाट नबिकेको सागसब्जी ल्याएर पकाइरहेका छन् । खसीको मासु भनेर बाखाको मासु पकाएर दिने गरिएको पाइन्छ । गुणस्तरहीन कुखुराको मासु खुवाउने, चामल त्यति नराम्रो नहुने । खानयोग्य नभएका, अरू परिकार तारेका तेलको प्रयोग पनि पार्टी प्यालेसले गरिरहेका छन् ।

खानेकुरामा म्याद सकिएको मरमसला र खान नहुने केमिकल मिसाउने गर्छन् । दही, दूधजन्य परिकारहरू पनि खानलायक हुँदैनन् । दिएको खानेकुराले हाम्रो स्वास्थ्यलाई कति प्रभाव पारिरहेको त्यसको लेखाजोखा पनि हामीले गरेको छैनौं । कस्तो पकाएको छ ? कस्तो चिज खाना दिइरहेको छ ? भनेर भोज खान गएका व्यक्तिले पनि ध्यान दिँदैनन् ।

सर्वसाधारण आफैंले विरोध नगर्ने भएपछि सरकारले कसरी अनुगमन गर्ने ? नराम्रो खुवाउने पार्टी प्यालेसलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । यिनीहरूलाई अहिलेसम्म पनि सरकारले कारबाही गरेको पाइँदैन ।

गरिबलाई एक छाक खान दिन नेपालीहरूलाई लोभ लाग्छ । बाटोमा माग्नेलाई पाँच रूपैयाँ दिँदैनन् । तर, आफूसँग भएको जग्गा धितो बेचेर वा ऋण लिएर देखाउनको लागि भोज गर्ने प्रचलन बढ्दो छ । यो विकृति प्रत्येक दिन उकालो लाग्दै छ । यो विकृति नियन्त्रणमा सरकारले कडाइ गर्नुपर्छ । जनता आफैं पनि सचेत हुन जरुरी छ ।

*उमेश थापा, काठमाडौं*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# घोषणापत्रका ९० प्रतिशत प्रतिबद्धता अपूरै

■ ध्रुवसागर शर्मा

**गलेश्वर–** आइतबार बिहान नेपाली कांग्रेसका तर्फबाट बेनी नगरपालिकाका मेयरका उम्मेदवार चिरञ्जीवी पौडेलले पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरी अपिलसहितको प्रतिबद्धता पत्र सार्वजनिक गरे ।

नगरको विकासदेखि जिल्लाको समृद्धि र अन्तर्राष्ट्रिय चासोको विषय बनेको मुस्ताङको कोरला नाका खुलाएर पारवहन बिन्दु विस्तार गर्ने विषयसमेत समेटिएको सो प्रतिबद्धता पत्रमा जनताका अधिकाँश आवश्यकताहरू समेटिएको भेटिन्छ । तर, विगतको नजिरलाई हेर्ने हो भने निर्वाचनका बेला दलहरूले तयार पारेका घोषणापत्रहरू केवल कागजमा मात्रै सीमित हुने गरेका छन् व्यवहारमा लागू भएनन् । निर्वाचनको समयमा राजनीतिक दलहरूले निकै मेहनत गरेर मीठा शब्द र ओजिला वाक्यांशहरूसहित रङ्गिन कलेवरमा घोषणापत्र तयार पार्दै आएपनि मतदाताहरूले पत्याइहालेका छैनन् ।

जनताका तत्कालीन आवश्यकता र आफ्नो पार्टीका दीर्घकालीन योजनाहरूको फेहरिस्त तयार पारेर मतदाताका हात हातमा थमाइदिनु बाहेक ती घोषणापत्रहरूको औचित्य न ती दलहरूले पुष्टि गर्न सकेका छन् न त घोषणापत्र अनुसार नै निर्वाचन जितेपछि काम गर्ने गर्छन् । तर, निर्वाचन पिच्छे दलहरू आकर्षक नारासहितका घोषणापत्र बनाउन भने चुक्दैनन् । यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि पनि म्याग्दीका दलहरू घोषणापत्रको तयारीमा जुटेका छन् । पहिलो स्थानीय तह निर्वाचनमा म्याग्दीका दलहरूले सार्वजनिक गरेको घोषणापत्रमा व्यक्त प्रतिबद्धताहरू गएको पाँच वर्षमा करिब ९० प्रतिशत पूरा भएनन् ।

मतदाता रिझाउनकै लागि बनाइएका २०७४ सालको स्थानीय तहको चुनावी घोषणापत्र अहिले यहाँका राजनीतिक दलका कार्यालयमा समेत मुश्किलले भेटिन्छन् । चुनावको अवधिमा निकै चर्चा हुने ती घोषणापत्रहरू म्याग्दीका मतदातालाई मनको लड्डु घिउसँग खानु जस्तै भएका छन् ।

विगतमा घोषणापत्रअनुसार सिन्को पनि भाँच्न नसकेका आरोप खेप्न परेका ती राजनीतिक दल र जनप्रतिनिधिहरू आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनलाई लक्ष्य गरी उस्तै प्रकृतिको घोषणापत्र जारी गर्ने सुरसारमा छन् ।

चवहत्तर सालको स्थानीय तहको निर्वाचनमा जिल्लाको एकमात्र नगरपालिका बेनी नगरपालिकामा नेपाली कांग्रेसबाट मेयर र एक वडाध्यक्षमा विजयी भए भने एकमा स्वतन्त्र र बाँकी आठ वटा वडामा नेकपा एमालेले जितेको थियो । नेपाली कांग्रेसले जारी गरेको घोषणापत्रमा बेनी नगरलाई नेपालकै नमूना नगरपालिका बनाउने, घरघरमा खानेपानी, स्वास्थ्य र शिक्षाको सहज पहुँच पुर्‍याउने, स्थानीय स्तरमा रोजगारी लगायतका कयौं गुलिया आश्वासनहरू दिइएको थियो । तर नगरलाई नेपालकै नमूना नगर बनाउने त परको कुरा अहिलेसम्म दिनहुँ बजारमा थुप्रिने फोहर विर्सजन गर्ने स्थानको समेत टुङ्गो लाग्न सकेको छैन ।

त्यसैगरी, एमालेको घोषणापत्रमा नगरका १० वटै वडालाई समेटेर रिङ्गरोड बनाउने, कृषि र पशुपालनलाई व्यवसायीकरण गर्ने, कालीगण्डकी र म्याग्दी नदीमा तटबन्ध गर्ने, बेनीलाई स्मार्ट सिटी बनाउने, एक घर एक रोजगारको व्यवस्था गर्ने, नगर क्षेत्र भित्रका वाढी पहिरो प्रभावित ठाउँहरूलाई स्थानान्तरण गर्ने वा दीर्घकालीन रोकथामका उपायहरू अवलम्बन गर्ने कुराहरू उल्लेख गरिएको थियो ।

एमालेको घोषणापत्रमा उल्लेख गरिएका कुराहरू एकाधबाहेक अरु कुनै पनि पूरा हुन सकेका छैनन् । चवहत्तर सालको स्थानीय निर्वाचनमा नेकपा माओवादी र नेपाली कांग्रेसको गठवन्धन बनेको थियो भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र एमालेले चुनावी एकता गरेका थिए ।

यसपटक पनि विगतको झैं महत्वाकांक्षी घोषणापत्र जारी हुने पक्का छ । *रासस*

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०१/१० गते निम्न विवरणको पल्सर २०० CC Pulsar रातो र सेतो रङको मोटरसाइकल का.जि.का.म.न.पा वडा नं. २६ मित्रनगर स्थित तिर्सला दोहोरी साझाँ अगाडिबाट चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

सवारी धनीको नाम :अर्जुन तामाङ
बाइक नं. : बा.प.०२-२८ प.९९८८
च्यासिस नं.:MD2ABEX2MCB85372
इन्जिन नं. : DKXCMB 79937
ठेगाना: नुवाकोट, तादी गा.पा. वडा नं.३
मो. : ९८४९३६६५४६, ९८६१६४४२४


## सूचना ! सूचना !! सूचना !!!

यस JASMINE OVERSEAS PVT.LTD. (ई.प.नं.८७४/०६६/०६७) मा Shankar Lamichhaney (Marketing officer) पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Jasmine Overseas Pvt. Ltd.** (Avinash Int. Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapsi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरुलाई जरुरी सूचना

(प्रकाशित मिति २०७९/०१/१२)

यस संस्थाका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा जाहेर गरी यस संस्था समक्ष निवेदन दिएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई खरिद बिक्री गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद बिक्रीमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान ब्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशित गर्दा संस्थापक शेयरधनीले शेयर खरिद गर्न नआउनु भएकोले उक्त बिक्रीमा रहेको संस्थापक शेयर खरिद गर्न इच्छुक एवं नेपाल राष्ट्र बैंकवाट निर्देशन गरे बमोजिम योग्य व्यक्ती/कम्पनीले संस्थाको प्रधान कार्यालय प्रर्दशनीमार्ग काठमाण्डौमा १५ दिन भित्र निवेदन दिनु हुन अनुरोध छ । साथै बिक्री हुने संस्थापक शेयर संख्या एवं शर्तहरुका सम्वन्धमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
वित्तीय सेवाको अर्को परिभाषा



## मलेसियामा रोजगार | कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

शहर: KLANG

पूर्व स्वीकृत मिति: २०७८/१२/२८ चलानी नं.: ६०१७७७६८ LT. No.: 261437 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 5 | 0 | स. काममा दक्ष | 1200 | ३३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा बैशाख १९ गते (2 may 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AL HAYA H.R. SOLUTION PVT. LTD. Gov. Lic No. 1092/073/074
**Al Haya H.R. Solution Pvt. Ltd.**
P.O.Box: 19232, Shantinagar-34, Kathmandu, Tel: 01-4620879
Mob.: 9813590560,. Email: alhaya.md@gmail.com, Web.: www.alhayahr.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :AL-ATFAIN ARABIAN CO. LTD.

पूर्व स्वीकृति मिति : २०७९/०१/०६ पून विज्ञापन स्वीकृति मिति : २०७९/०१/११ LT. No. 261670 चलानी नं.६०१७८०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Building Carpenter | 1 | 0 | 1200 | ३९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Haddad | 1 | 0 | 1300 | ४२,४५५ | | | | | | | |
| 3 | Pan Road Machinery Driver | 5 | 0 | 1800 | ५८,७८५ | | | | | | | |
| 4 | Welding General | 1 | 0 | 1300 | ४२,४५५ | | | | | | | |
| 5 | Whole Vehicle Driver | 2 | 0 | 1800 | ५८,७८५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क-

कम्पनी :ISAM KABBANI AND PARTNERS CO.

पूर्व स्वीकृति मिति : २०७८/०९/२६ पून विज्ञापन स्वीकृति मिति : २०७९/०१/११ LT. No. 255955 चलानी नं.६०१७२५१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 25 | 0 | 1000 | ३२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १९ गते (2nd May 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd** (Trans Asia Manpower Pvt.Ltd)
Lic No. 1159/074/074
Milijuli Marg Maharajgunj Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



FREE VISA STAMPING, FREE FLIGHT TICKET, FREE LEVY, FREE MEDICAL CHECKUP, FREE TRANSPORTATION, FREE ACCOMMODATION, FREE ISC, FREE PDO, FREE INSURANCE,FREE PASSPORT, FREE PCR TEST, FREE WELFARE FUND, FREE RECRUITMENT FREE.
ZERO COST

## मलेसियामा वैदेशिक रोजगारको अवसर

Basic Salary: RM53.84x26, Rate Per Month: RM1,400
Estimated Overtime: RM656.25 (Estimated 65 hours overtime per month)
Estimated monthly income: RM2056.25

COMPANY:TOP GLOVE SDN BHD

पूर्व स्वीकृति मिति २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०७८/१२/२१ LT. No. 260626 चलानी नं.६०१७७२०६

| SN | CATEGORY | No.of workers Male | No.of workers Female | SALARY MR | SALARY Rs. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 140 | 10 | 1400 | ४०,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तिम अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: बैशाख १९ र २० गते मा हुनेछ ।

Venue For The Final Interview: The Office Of The Organization In Kathmandu On 2nd And 3rd May 2022.

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |
| Who will Provide the expenses for the pre-medical in the country and how much | Will the employer company provide the medical expenses? | Who will bear the cost and Insurance in the country and How much. | Is insurance provide or not during the Employment and Who will bear the Cost? | Who will pay the air ticket and how much will it cost? | Who will pay the visa fee and how much? | How much is the orientation fee and who will bear it? | Who will pay the visa stamping fee? |
| Employer will pay medical expenses. | Will provide | Yes, Employer will provide | By the Employer | Employer will provide | Employer will provide | Employer will bear the cost | Employer |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता कम्पनीले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ३) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ४) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ५) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

1. Keep the contact details and location of the Nepali Diplomatic Mission in the country you are going for employment. In times of difficulty it will be easy to contact.
2. Before going abroad Orientation or Induction Training should be attended mandatorily.
3. Before going abroad, sign the employment contract only after checking in details about the name of the country , name of the company , company's facilities, service terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same.
4. While going abroad use the International Airport of Nepal or else you might be deceived.
5. If you want to know further details regarding this advertisement please contact the Department of Foreign Employment(DOFE), Buddhanagar.

**Note:** No Sub-agents Are Allowed
Helpline Number: 01-4485647, 4485648, 4485649
नोटिश : इच्छुक व्यक्तिहरुले सिधा मेनपावर कार्यालयमा सम्पर्क गनुहोला, ब्रोकर र एजेन्ट अलाउड छैन् ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648
Fax: +977-1-4485649, Email: info@nrc.com.np, Website: www.nrc.com.np



## रोमनियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAISH INTERNATIONS SRL

पुर्व स्वीकृति मिति : २०७८/१०/०५ पुन: विज्ञापन स्वीकृति मिति : २०७९/०१/११ LT No 256469 चलानी नं.६०१७६२८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 41 | 09 | 550 | ६७,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: बैशाख १९ गते (2nd May. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५०० कामदार आफैले सेवा शुल्क:८०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जा□दा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.M.Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३८५/०५९/०६०
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAAL TRADING EST.GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०७९/०१/०९ LT. No.: 262136 चलानी नं. ६०१६८३२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ५८,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १९ गते (2nd May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al-Hera Overseas Pvt. Ltd.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com,
khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAC PIPING MATERIALS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०१/११ LT. No.262220 चलानी नं. ६०१७८४२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 35 | 0 | 1200 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SONG LEE POULTRY FARM

पूर्व स्वीकृति मिति : २०७९/०१/११ LT. No.262221 चलानी नं. ६०१७८४२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chicken Farm Worker | 3 | 0 | 1200 | ३३,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालयमा मिति: बैशाख १९ गते (2nd May 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-RUWAD ENVIRONMENTAL SERVICES CENTER

पूर्व स्वीकृति मिति २०७९/०१/११ LT. No. 262053 चलानी नं. ६०१७८४२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 150 | 50 | 85 | ३४,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BLUSH N CURLS LADIES SALON & SPA

पूर्व स्वीकृति मिति २०७९/०१/११ LT. No. 262176 चलानी नं. ६०१७८४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Follow Up Clerk | 0 | 1 | 1200 | ४०,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Make Up Artist | 0 | 2 | 1200 | ४०,०१५ | | | | | | | |
| 3 | Public Relation Clerk (Female) | 0 | 4 | 1200 | ४०,०१५ | | | | | | | |
| 4 | Secretary | 0 | 1 | 1200 | ४०,०१५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा काठमाडौंमा बैशाख १९ गते (2nd May 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-1-4465367, 4465368
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

प्रभाव दैनिक

सोमबार, १२ वैशाख २०७९ (Monday, April 25, 2022)

रूपशाला

## श्रीदेव र जेविका अभिनित पीडा सार्वजनिक

अभिनेता श्रीदेव भट्टराई र अभिनेत्री जेविका कार्कीको अभिनय रहेको गीत 'पीडा' सार्वजनिक भएको छ। माया प्रेमको उतारचढाव प्रस्तुत गरिएको गीतको भिडियोमा श्रीदेव र जेविकाको जोडी अभिनय निकै जमेको देख्न सकिन्छ। दुवै फिल्म र मोडलिङमा सक्रिय कलाकार हुन्। सरोज कोइरालाको स्वर तथा संगीत रहेको गीतको शब्द सिताराम कोइरालाले कोरेका हुन्।



# पियोर स्टाइलिस नेसनल ब्राइडल मेकअप कम्पिटिसन हुँदै



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैशाख लागेसँगै अहिले विवाहको मौसम चलिरहेको छ। यसै अबसरमा ब्युटिसियनहरूको व्यक्तित्व विकाशसँगै बेहुली सृँगार गर्ने सीप प्रस्तुतिको लागि 'पियोर स्टाईलिस नेशलन ब्राइडल मेकअप कम्पिटिसन-२०२२' आयोजना हुने भएको छ।

ललितपुरको कुमारी पाटीमा रहेको पियोर स्टाईलिस ब्युटी होम एन्ड ट्रेनिङ सेन्टरले यो प्रतियोगिताको आयोजना गर्न लागेको हो। प्रतियोगितामा भाग लिन चाहनेहरूका लागि फारम खुला गरिएको आयोजक संस्थाकी अध्यक्ष एवम् बरिष्ट ब्युटिसियन रिना अवालेले बताएकी छिन्। जसकालागि बैशाख १८ गतेसम्म पियोर स्टाईलिस्ट ब्युटी होम एन्ड ट्रेनिङ सेन्टरमा सम्पर्क गरेर प्रतियोगीका लागि फारम भरिसक्नु पर्ने छ।

प्रतियोगितामा सहभागीहरूको यही बैशाख १९ गते अडिसन लिने भएको छ। त्यसपछि २० गते देखि २२ गतेसम्म तीन दिन विभिन्न प्रशिक्षण दिइने भएको छ। यो प्रतियोगिताको फाइनल यही बैशाख २३ गते शुक्रबार ललितपुरको कुपन्डोलमा हुने भएको छ।

सो क्रममा प्रतियोगीहरूलाई ब्राईडल जुरो, रशियन हेयर जुरो, ब्राईडल मेकअप, रिसेप्सन पार्टी मेकअप, ब्राईडल नेल अर्ट, ब्राईडल मेहेन्दी आर्ट, ग्रुमिङ, पर्सनालिटी डेभलपमेन्ट, वेडिङ ड्रेस सेन्स, सारी अता अन्य बेहुली ड्रेस लगाउने सिकाउने जस्ता विभिन्न प्रशिक्षण दिईने भएको छ।

'तीन दिनको प्रशिक्षण पछि बल्ल हामी प्रतियोगीहरूलाई ब्राईडल मेकअप कम्पिटीशनको फाईनलमा उतार्ने छौं। त्यसपछि विभिन्न टाईटलमा अवार्ड र पुरस्कार सहित विभिन्न असर पनि प्रदान गर्ने छौं।' आयोजक रिनाले भनिन्।

यो प्रतियोगिताको बिजेताले २० हजार रूपैयाँ नगद, ट्रफी सहित विभिन्न उपहार र केराटिन ट्रिटमेन्ट सम्बन्धि २ दिनको स्पेश कोर्ष, फस्ट रनर अपले विभिन्न उपहार सहित दुई दिनको केराटिन ट्रिटमेन्ट कोर्ष र सेकेन्ड रनर अपले पनि विभिन्न उपहार सहित दुई दिनको केराटिन ट्रिटमेन्ट कोर्ष सुविधा प्राप्त गर्नेछन्। त्यसपछि पनि प्रतियोगीहरूलाई विभिन्न अबसर आफ्नो ब्युटी पार्लरले प्रदान गर्ने पनि उनले बताएकी छिन्।

## प्लाटिनममा गुञ्जँदै कालीप्रसाद

**काठमाडौं (प्रस)–** गायक, गीतकार तथा संगीतकार कालीप्रसाद बासकोटा यही वैशाख ३१ गते अर्थात मे १४ मा दरबारमार्गको क्लब प्लाटिनममा गुञ्जिने भएका छन्। 'कालीप्रसाद बासकोटा लाइभ' नाम दिइएको कार्यक्रमको प्रस्तुतकर्ता पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट (पीभीइ) नेटवर्क हो।

पीभीइ नेटवर्कका अनुसार विशेष डिजाइनमा तयार पारिएको लाइट, साउण्ड, एलइडी स्क्रिनमा



काली सुनिनेछन्। कार्यक्रममा अन्य कलाकारहरूको आकर्षक नृत्य प्रस्तुति पनि हुनेछ।

कालीका अनुसार कोभिड महामारीपछि काठमाडौंमा उनको यो पहिलो प्रस्तुती हुनेछ। उनले गाएका गीतहरू 'जालमा', 'निर', 'साली मन पर्यो'लगायत लोकप्रिय छन्।

काली केही समयअघि सम्पन्न गायन रियालिटी शो 'सा रे ग म प'को निर्णायकसमेत हुन्। यसबाहेक उनले 'नेपाल आइडल'को सिजन १, २ र ३ मा पनि निर्णायकको भूमिका निभाइसकेका छन्।

# नेपालसँगै भारतमा पनि एकसाथ चल्दै प्रेमगञ्ज




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र 'प्रेमगञ्ज' भारतमा ले पनि प्रदर्शन हुने भएको छ। चलचित्र चौतारी र ड्रिम्स थिएटर मोशन पिक्चर बीच भएको सम्झौताअनुसार 'प्रेमगञ्ज' पहिलो चरणमा भारतको कोलकत्ता, देहरादुन, आसाम, गुवाहटी, अरुणाचल, ब्याङ्लोर, मुम्बई, दिल्ली, दार्जिलिङ, सिक्किमलगायतका सहरहरूका एक सयभन्दा धेरै स्क्रिनमा एकसाथ प्रदर्शन हुने भएको छ।

पहिलो चरणको प्रदर्शन सकारात्मक देखिएमा दोस्रो चरणमा भारतका अन्य ठूला सहरहरूमा पनि प्रदर्शन हुनेछ।

प्रेमगञ्ज नेपाल-भारत दुवै देशमा एउटै मिति ३ भदौ अर्थात् १९ अगस्टमा एकैसाथ प्रदर्शन हुनेछ। लाखौं नेपालीभाषी बसोबास गर्ने भारतमा 'प्रेमगञ्ज' चलचित्र नेपाली भाषामै प्रदर्शन हुन लागेको हो।

प्रेमगञ्जलाई ड्रिम्स थिएटर मोसन पिक्चरका सञ्चालक म्याबो ह्यङ्गले अल इन्डिया वितरण गर्न लागेको हो। फिल्म राम्रो बनेको र भारतमा पनि नेपाली चलचित्रको बजारको सम्भावना ठूलो रहेको र यो चलचित्रले राम्रो कमाई गर्नेमा आफू विश्वस्त रहेको म्याबो ह्यङ्गले बताए। नेपाली चलचित्रलाई भारतीय बजारसम्म लैजान कालिङपोङका कलाकार अनुज शर्मा र सिक्किमका कलाकार अमीर मेघीले सहजीकरण गरेका हुन्।

परिच्छेद सेनको निर्देशनमा बनेको यस चलचित्रमा तेज गिरी, बेनिशा हमाल, सम्पदा बानियाँ, पवन भट्टराई, सुप्रिया खनाल, राइडर प्रशान्त, सिमरन खड्का, नरेश पौडेल, रश्मी भट्ट, सञ्जोग रसाइली, गीता अधिकारीको पनि अभिनय देख्न सकिन्छ। सञ्जय लामाको छायांकन रहेको चलचित्र डेढ करोडको लगानीमा बनेको हो।

रंगशाला

# एन्फा र स्थानीय तह चुनावको मारमा महिला लिगको दोस्रो चरण



■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्मा छिरिङ शेर्पाले गत महिना राष्ट्रिय महिला लिगलाई मोफसलमा लैजाने निर्णय लिँदै स्थानीय निकायसँग सम्झौता गरे। सम्झौताअनुसार लिगको पहिलो चरण चितवनको शारदानगर र दोस्रो चरण विराटनगरको सहिद रंगशालामा हुने पक्का भयो। जसअन्तर्गत १० चैतबाट सुरु भएको पहिलो चरण ३० चैतमा सम्पन्न भयो।

यसपछि दोस्रो चरण पूर्वी नेपाल पुग्ने गरि महिला लिगले विश्राम पायो। तर, विश्राम समयमा समेत सुदूरपश्चिमको कैलाली, धनगढीमा महिला गोल्डकप हुने भयो। धनगढी रंगशालामा आयोजना भएको पहिलो मुख्यमन्त्री विवाइसी गोल्डकप शनिबार समाप्त भयो।

चिरपरिचित विभागीय टोली एपीएफ फुटबल क्लबको घरेलु फुटबलमा रहेको दबदबा तोड्दै अर्को विभागीय टोली नेपाल पुलिस क्लबले उपाधिसमेत जित्यो। तर, महिला लिग सकिएको १२ दिन भइसक्दासमेत दोस्रो चरणको तालिका सार्वजनिक हुन सकेको छैन।

एन्फाको चार वर्षे कार्यकालका लागि तय ६ असारको चुनाव र स्थानीय तहको चुनाव (३० वैशाख) का कारण महिला लिगलाई प्रत्यक्ष असर गरेको छ। एकातिर एन्फा चुनावका लागि दौडधुप र अर्का तिर आयोजना गर्ने भनेको स्थानीय सरकारको मौनताका कारण महिला लिगको दोस्रो चरणको तालिका सार्वजनिक हुन सकेको छैन।

'हाम्रो योजनाअनुसार १५ वैशाखबाट दोस्रो चरण सुरु गर्ने हो। तर, योजनाअनुसार काम हुन पाएको छैन,' एन्फाअन्तर्गत रहेको महिला विभाग प्रमुख हरि खड्का भन्छन्। खड्का अनुसार यही सोमबार र मंगलबार दोस्रो चरणको बारेमा बैठक बस्दै छ। सोही बैठकले आगामी लिगको मिति र तालिका सार्वजनिक गर्नेछ।

यही बीचमा एन्फाअन्तर्गत रहेका रेफ्री संघ र महिला संघको समेत चुनाव हुँदा महिला लिग प्रभावित बनेको स्रोत बताउँछ। यस्तै स्थानीय आयोजकले चुनावका कारण आयोजनालाई मध्यनजर नगर्दा प्रतियोगिता थकेलिने अवस्थामा पुगेको हो।

'एन्फाको महिला संघ र रेफ्रीसंघ चुनावका कारण पनि प्रभावित भएको हो। अहिले सबै यतै (उपत्यका) मा व्यस्त छन्। अर्को भनेको स्थानीय चुनावका कारण स्थानीय आयोजकले तीव्रता नदिँदा र 'ओके' नभनेकाले प्रतियोगिताको अन्योलता थपिएको हो,' एन्फा स्रोत भन्छ।

हाल सी र बी डिभिजन मताधिकार र प्रतिनिधि छनोटसँगै जिल्ला निर्वाचन भइरहेको छ। अधिकांश जिल्लाको चुनाव सकिँदा केही विवादमुक्त हुन नसकेका जिल्लाको चुनाव भने बाँकी नै छ।

यस्तै प्रशिक्षक संघले सर्वसम्मतमा अध्यक्ष पाउँदा, महिला, रेफ्री र खेलाडी संघले समेत सर्वसम्मतमा अध्यक्ष पाउने निश्चित छ। तर शीर्ष पदाधिकारीदेखि नै महिला संघ, महिला कमिटी, रेफ्री संघ चुनावी माहोलमा उत्रिँदा महिला लिगको दोस्रो चरण अनिश्चित बनेको छ।

